# हल्दीवारी राजपत्र


हल्दीवारी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड २) झापा, कोशी प्रदेश, नेपाल, ७ चैत्र २०८१ साल( संख्या ३


## भाग २

हल्दीबारी गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

झापा, कोशी प्रदेश नेपाल

## प्रधानाध्यापक नियुक्ति र शिक्षक सरूवा सम्बन्धी कार्यविधि, २०८१

हल्दीबारी गाउँपालिकाको कार्यपालिकाले वनाएको तल लेखिए वमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

हल्दीबारी गाउँपालिका

# प्रधानाध्यापक नियुक्ति र शिक्षक सरूवा सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावनाः** विद्यालयमा कार्यरत शिक्षकको सरुवालई सरल सहज व्यवस्थित अनुमान योग्य वस्तुनिष्ठ र पारदर्शी बनाई शैक्षिक व्यवस्थापनलाई जवाफदेही सुशासनयुक्त तवरले सञ्चालन गर्न तथा प्रधानाध्यापकको नियुक्ति सम्बन्धी यस गाउँपालिकाको शिक्षा सम्बन्धी ऐन (तेस्रो संशोधन) २०८० को दफा १०५ मा भएको प्रावधान बमोजिम यो कार्यविधि बनाईएको छ । यो कार्यविधि कार्यपालिकाले पारित गरेको मिति देखि लागुहुनेछ ।

## परिच्छेद १

## संक्षिप्त नाम र विस्तारः

(१) यस कार्यविधिको नामः हल्दीबारी गाउँपालिका शिक्षक सरूवा तथा प्राधानाध्यपक नियुक्ति कार्यविधि, २०८१ रहेको छ ।

(२) यो कार्यविधि हल्दीबारी गाउँपालिका क्षेत्र भर लागुहुनेछ ।

(३) यो कार्यविधि गाउँपालिकाले पारित गरेको मितिबाट लागुहुनेछ ।

## परिच्छेद २

## परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) **"कार्यविधि"** भन्नाले हल्दीबारी गाउँपालिकाको शिक्षा सम्बन्धी ऐन, २०८० को कार्यविधिलाई सम्झनु पर्दछ ।

ख) **"कार्यपालिका"** भन्नाले हल्दीबारी गाउँपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ ।

ग) **"कार्यालय"** भन्नाले हल्दीबारी गाउँपालिकाको कार्यालय सम्झनुपर्छ ।

घ) **"शिक्षक"** भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्दछ र अध्यापक शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

ङ) **"कर्मचारी"** भन्नाले विद्यालयमा कार्यरत कर्मचारी सम्झनुपर्छ ।

च) **"प्रमुख"** भन्नाले हल्दीबारी गाउँपालिकाको प्रमुखलाई जनाउँछ ।

छ) **"शिक्षा शाखा"** भन्नाले हल्दीबारी गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्छ ।

ज) **"शिक्षा शाखा प्रमुख "** भन्नाले हल्दीबारी गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको अधिकृत वा अधिकृतको काम गर्न तोकिएको कर्मचारी सम्झनुपर्छ ।

झ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले हल्दीबारी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

ञ) **"शिक्षा समिति"** भन्नाले ऐन बमोजिम गठन गरिएको हल्दीबारी गाउँपालिकाको शिक्षा समितिलाई सम्झनुपर्दछ ।

ट) **"व्यवस्थापन समिति"** भन्नाले हल्दीबारी गाउँपालिकाको शिक्षा क्षेत्र व्यवस्थापन गर्न बनेको (तेस्रो संशोधन) ऐन, २०८० बमोजिम गठन भएको विद्यालय व्यवस्थापन समिति सम्झनुपर्छ ।

ठ) **"शैक्षिक सत्र"** भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि सम्झनुपर्छ ।

ड) **"सामुदायिक विद्यालय"** भन्नाले नेपाल सरकारबाट स्वीकृत वा अनुमति प्राप्त गरी सरकारबाट दरबन्दी तथा अनुदान प्राप्त विद्यालय सम्झनुपर्छ ।

ढ) **"संस्थागत विद्यालय"** भन्नाले निजी लगानीमा सञ्चालन गर्ने गरी अनुमति पाई स्थापित विद्यालय सम्झनुपर्छ ।

ण) **"प्रारम्भिक बाल शिक्षा केन्द्र"** भन्नाले ४ वर्ष उमेर पुरा भई ५ वर्ष उमेर पुरा नगरेको बालबालिकाको लागि खोलिएको प्रारम्भिक बाल कक्षा केन्द्र नर्सरी, एलकेजी , मन्टेश्वरी आदि सम्झनुपर्छ ।

त) **"विशेषज्ञ"** भन्नाले ऐन नियम बमोजिम सुचिकृत विज्ञ सम्झनु पर्दछ ।

## परिच्छेद ३

## शिक्षक सरुवा सम्बन्धी व्यवस्थाः

४. कुनै शिक्षक एक विद्यालयबाट अर्को विद्यालयमा सरूवा हुन चाहेमा वा सरुवा गर्नुपर्ने भएमा शिक्षक कार्यरत र सरुवा हुन चाहेको दुवै विद्यालयको व्यवस्थापन समितिको सहमति सहित तोकिएको ढाँचामा गाउँ पालिकाको कार्यालयमा निवेदन दिनुपर्नेछ ।

५. दफा ४ बमोजिम गाउँ शिक्षा समितिको सिफारिसमा कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले सरूवा गर्नेछ ।

६. शिक्षकको सरूवा सामान्यतया शैक्षिक सत्रको अन्तिम महिनामा गरिनेछ ।

७. कार्यरत विद्यालयमा सामान्यतया २ वर्ष सेवा पुरा नगरी सरूवा गरिने छैन तर कुनै विद्यालयमा कार्यरत शिक्षक अशक्त भई सो स्थानमा निजको उपचार हुन नसक्ने व्यहोरा तोकेको मेडिकल बोर्ड वा स्वीकृत चिकित्सकले सिफारिस गरेमा जुनसुकै वखत सरूवा गर्न सकिनेछ ।

८. शिक्षक सरूवा गर्दा शिक्षकको तह र अध्यापन गर्ने विषय मिलाउनुपर्नेछ ।

९. पन्ध्र दिन भन्दा बढी विना जानकारी विदा स्वीकृत नगराई अनुपस्थित रहेको शिक्षक, जिम्मेवारी निर्वाहमा लापर्वाही गरेको, पटक पटक सचेतको निर्णय सहित जानकारी गराउँदा पनि जिम्मेवारी बोध नगरेको शिक्षकलाई कारवाहीका लागि सिफारिस गरिनेछ ।

१०. माथिका दफाहरूमा जुन सुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा शिक्षा समितिको सिफारिस र कार्यपालिकाको निर्णयानुसार विद्यालय व्यवस्थापन समितिको सहमति विना समेत सरूवा गर्न सकिनेछ ।दफा (१०) क. विद्यालयमा आवश्यक भन्दा बढी एकै विषयका शिक्षक रहेमा ।

ख. दरवन्दी मिलान गर्ने क्रममा अनुसूचीमा तोकिएको मापदण्ड भन्दा बढी शिक्षक संङ्ख्या भएमा ।

ग. विपदका कारण विद्यालय र विद्यालयको समुदाय अन्यत्र स्थानान्तरण गर्नुपर्ने अवस्था आएको भनी विपत व्यवस्थापन समितिले सिफारिस गरेमा ।

घ. फरक क्षमता तथा अपाङ्गता भएका शिक्षकलाई अपायक स्थानमा सरूवा गरिनेछैन् ।

ङ. एकै विद्यालयमा धेरै जना शिक्षकको दफा (४) बमोजिम निवेदन परेमा निवेदन उपर प्राथमिकताक्रम सुचि तयार गरी सरूवा सहमति दिन सकिनेछ ।

(च) एकै विद्यालयमा उपदफा (क) बमोजिमका शिक्षक रहेमा विद्यालय व्यवस्थापन समितिको सहमति बमोजिम कनिष्ठता दरवन्दीको आधारमा सरूवा गरिनेछ ।

(छ) उत्कृष्ट नतिजा ल्याउन सफल भएको वा विशेषज्ञ प्रभाव गरेको अवस्थामा निजको सेवालाई अन्य विद्यालयमा उपभोग गर्न आवश्यक देखिएमा ।

(ज) कुनै शिक्षकले कार्यरत विद्यालयमा ५ वर्षसम्म शिक्षण गर्दा पनि विद्यार्थी उत्तीर्ण नतिजा कम वा खस्केमा सो नतिजा सुधारका लागि गाउँपालिकाको अन्य विद्यालयमा सरूवा गर्न सकिनेछ ।

(झ) नैतिक आचरण तथा व्यक्तिगत अनुशासन लगायतका कारणबाट कुनै शिक्षकलाई कार्यरत विद्यालयमा राखी रहँदा विद्यालयको शैक्षिक वातावरण खलबलिएको वा खलबलिन सक्ने व्यहोरा विद्यालय व्यवस्थापन समिति, शिक्षा समिति समेत बाट निर्णय भएमा ।

## परिच्छेद ४

## प्रधानाध्यापकको नियुक्ति सम्बन्धी व्यवस्थाः

**११)प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः** प्रत्येक विद्यालयमा विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रुपमा काम गर्न स्वीकृत दरबन्दीमा नबढ्ने गरी एक प्रधानाध्यापकको पद रहनेछ ।

**१२)सामुदायिक विद्यालयको प्रधानाध्यापक हुनको लागि देहाय बमोजिमको योग्यता भएको हुनुपर्नेछः**

क) आधारभूत तह (१-५) सञ्चालन भएको विद्यालयको हकमा प्रधानाध्यापक हुनको लागि शिक्षा शास्त्र विषयमा कम्तीमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी सम्बन्धीत तहमा कम्तिमा पाँच वर्ष स्थायी नियुक्ति भई सेवा गरेको शिक्षक प्रधानाध्यापक पदमा उम्मेदवार हुने छ। तर पाँच वर्ष स्थायी सेवा गरेको शिक्षक सम्बन्धित विद्यालयमा नभएमा शिक्षा नियमावली २०५९ को नियम ९३ ले तोके बमोजिम आधारभूत तह (१-५) को लागि प्रधानाध्यापक हुन बाधा हुनेछैन ।

ख) आधारभूत तह (१-८) सञ्चालन भएको विद्यालयको हकमा प्रधानाध्यापक हुनको लागि शिक्षा शास्त्र विषयमा स्नातक वा सो सरहको परीक्षा उत्तीर्ण गरेको र कम्तिमा निम्नमाध्यमिक तहमा स्थायी नियुक्ति भई पाँच वर्षको शिक्षण अनुभव भएको व्यक्ति सामुदायिक विद्यालयको प्रधानाध्यपक हुन योग्य हुनेछ ।तर आधारभूत तह (१-८) सञ्चालन भएको विद्यालयमा निम्नमाध्यमिक तहको स्थायी दरबन्दी नभएमा वा निम्नमाध्यमिक तहको स्थायी शिक्षक नभएमा उक्त विद्यालयमा उपदफा(क) बमोजिम प्रधानाध्यापक हुन वाधा पर्ने छैन ।

ग) माध्यमिक तह (१-१०, १-१२) सञ्चालन भएको विद्यालयमा माध्यमिक तहको प्रधानाध्यापक हुनको लागि शिक्षा शास्त्र विषयमा स्नातकोत्तर वा सो सरहको परीक्षा उत्तीर्ण गरी सम्बन्धित तहमा कम्तिमा पाँच वर्षदेखि कार्यरत स्थायी शिक्षक उक्त विद्यालयको प्रधानाध्यापक हुन योग्य हुनेछ । तर माध्यमिक तह सञ्चलन भएको विद्यालयमा माध्यमिक तहको दरबन्दी नभएमा वा माध्यमिक तहको स्थायी शिक्षक नभएमा कम्तिमा स्नातक वा सो सरहको परीक्षा उत्तीर्ण गरी साविकको निम्नमाध्यमिक तहमा स्थायी नियुक्ति भएको पाँच वर्ष सेवा अवधी पुरा भएको शिक्षक प्रधानाध्यापक

पदमा उम्मेदवार हुन योग्य हुनेछ ।तर यदि निम्न माध्यमिक तहको स्थायी शिक्षक पनि नभएको अवस्थामा दफा १२ (क) र (ख) बमोजिम प्रधानाध्यापक हुन बाधा पर्ने छैन ।

**१३) प्रधानाध्यापक नियुक्ति सम्बन्धी प्रक्रियाः**

क) प्रधानाध्यापकको नियुक्ति गर्दा नमुना माध्यमिक विद्यालयको रुपमा नेपाल सरकारले सुचीकृत गरेको नमुना माध्यमिक विद्यालयको हकमा नमुना माध्यमिक विद्यालय व्यवस्थापन निर्देशिका/ कार्यविधि बमोजिम र अन्य सामुदायिक विद्यालयहरुको हकमा शिक्षा समितिले तोकेको २ जना विज्ञहरुले मूल्याङ्कन गर्नेछ।यसरी विज्ञहरुले गरेको मूल्याङ्कनको आधारमा कार्यालयले कार्यपालिकाको बैठकमा पेश गर्ने र कार्यापालिकाले अनुमोदन गरी सिफारिस गरेको व्यक्तिलाई विद्यालय व्यवस्थापन समितिले प्रधानाध्यापकको पदमा नियुक्ति गर्नेछ ।

ख) यस संशोधित ऐन लागू भएपछि साविकमा नियुक्ति भएका सम्पूर्ण प्रधानाध्यापकहरुले यहि प्रक्रिया बमोजिम प्रधानाध्यापकको पदमा नियुक्ति हुनुपर्नेछ ।

ग) प्रधानाध्यापक पदमा नियुक्ति प्रक्रिया अगाडी बढाउन विद्यालय व्यावस्थापन समितिले कम्तिमा ७ दिनको समय दिई ५ वर्षे विद्यालय विकास प्रस्ताव सहित दरखास्तको सुचना जारी गर्नु पर्नेछ। सो बमोजिम सामुदायिक विद्यालयमा कार्यरत योग्यता पुगेका स्थायी शिक्षकले व्यवस्थापन समितिले जारी गरेको सूचना बमोजिम विद्यालय विकास प्रस्ताव सहित व्यवस्थापन समिति समक्ष दरखास्त दिन पर्नेछ ।

घ) उल्लेखित सूचना बमोजिम पेश हुन आएको दरखास्त फारमलाई सिलबन्दी गरी मुल्याङ्गनका लागि म्याद सकिएको २ दिन भित्रमा हल्दीबारी गाउँपालिकाको कार्यालयमा पठाउनु पर्नेछ ।

ङ) यसरी प्राप्त हुन आएको विद्यालय विकास प्रस्ताव कार्यालयले कम्तिमा १५ दिनभित्र मुल्यांकन गरिसक्नु पर्नेछ ।

च) प्राकृतिक प्रकोप, प्राविधिक कारणले तोकिएको समयमा सामुदायिक विद्यालयमा उपरोक्त प्रक्रियाबाट प्रधानाध्यापक नियुक्ति हुन नसकेमा वा कुनै कारणले प्रधानाध्यापकको पद रिक्त भएमा प्रधानाध्यापकको पदपूर्ति नभएसम्मका लागि सो विद्यालयमा कार्यरत शिक्षकहरुमध्ये वरिष्ठतम स्थायी शिक्षकलाई विद्यालय व्यावस्थापन समितिले पद रिक्त भएको मितिले कम्तिमा २ दिनभित्र निमित्त प्रधानाध्यापक भई कामकाज गर्न अनुमति दिनुपर्नेछ । तर कुनै विद्यालयमा एक भन्दा बढी तह भएमा माथिल्लो तहको वरिष्ठतम शिक्षकले निमित्त भई काम गर्नेछ ।

**१४)प्रधानाध्यापकको पदावधिः** प्रधानाध्यापकको पदावधि पाँच वर्षको हुनेछ ।कार्यकाल समाप्त भएमा सोहि प्रक्रिया बमोजिम पुनः प्र.अ. पदमा नियुक्त हुन बाधा पंर्ने छैन ।

**१५)प्रधानाध्यापक छनौट तथा मूल्याङ्कनका आधारहरूः** प्रधानाध्यापक छनौट तथा मुल्यांकनका आधारहरु हल्दीबारी गाउँपालिकाको शिक्षा क्षेत्र व्यवस्थापन गर्न बनेको (तेस्रो संशोधन) ऐन, २०८० को अनुसूची १५ बमोजिम तपसिलको हुनेछ ।

**क. वैयक्तिक विवरण ३० अंङ्क**

| | |
|---|---|
| क) न्यूनतम शैक्षिक योग्यताः | १० अङ्क (प्रथम श्रेणी १०, द्धितिय श्रेणी ८ र तृतीय श्रेणी ६) |
| ख) माथिल्लो शैक्षिक योग्यता भएः | १०अङ्क (प्रथम श्रेणी१०, द्धितिय श्रेणी ८ र तृतीय श्रेणी ६) |
| ग) अनुभव प्रतिवर्षः | १ अङ्कको दरले १० अङ्क |

**ख. विद्यालय विकास प्रस्ताव ७० अंङ्क**

| | |
|---|---|
| क) दुरदृष्टी, लक्ष्य तथा उद्देश्यः | ५ अंङ्क |
| ख) वर्तमान विद्यमान अवस्थाः | १० अंङ्क |
| ग) प्रस्तावित योजनाः | ४० अंङ्क |
| घ) वार्षिक वार्षिक कार्ययोजना | १० अंङ्क |
| ङ) संस्थागत क्षमता सम्बन्धी | ५ अंङ्क |

**दृष्टव्यः** १) माथिल्लो शैक्षिक योग्यता भन्नाले माध्यमिक तहको हकमा एमए/एम.फिल.लाई जनाउनेछ ।

२) विद्यालय विकास प्रस्ताव वापत अङ्क प्रदान गर्दा ८० प्रतिशत भन्दा बढी र ४० प्रतिशत भन्दा कम अङ्क दिनुपरेमा सो को पुष्टयाइसमेत दिनुपर्नेछ ।

**१६)बाधा अड्चन फुकाउः** यस कार्यविधि कार्यान्वयनमा संघ वा प्रादेशिक कुनै स्थानीय निकायको, ऐन कानूनको कारणले कुनै बाधा वा अड्चन आएमा गाउँ कार्यपालिकाले त्यस्तो बाधा वा अड्चन फुकाउन तत् निकायमा समन्वय गर्न सक्नेछ ।तर सो हुन नसकेमा गाउँसभाको निर्णय बमोजिम कार्यान्वयन गर्न बाधा र्ने छैन । यसरी भएको कार्यान्वयन प्रचलित ऐन कानुन बमोजिम भए सरह मानिनेछ ।

आज्ञाले,
मान बा वन .(महेन्द्र)
प्रमुख प्रशासकीय अधिकृत

हल्दीबारी गाउँपालिका